# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभागको
## सूचना

यस बैंकमा रिक्त रहेको सवारी चालक पद (करार) का लागि निम्नलिखित योग्यता पुगेका उम्मेदवारहरुको आवश्यकता परेकोले देहायमा उल्लिखित शर्तमा रही कार्य गर्न इच्छुक योग्य नेपाली नागरिकहरुबाट आफुले प्राप्त गरेको अनुमति पत्र/योग्यता र अन्य सम्पूर्ण प्रमाणपत्र तथा उमेर खुल्ने नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नागरिकताको प्रमाणपत्रबाट उमेर नखुल्ने भएमा उमेर खुल्ने शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो संलग्न गरी यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, वालुवाटार काठमाडौं वा प्रदेशस्थित कार्यालय वा सम्पूर्ण कागजात सहित दरखास्त फाराम Scan गरी ईमेल ठेगाना : career@nrb.org.np मा **२०७७ असोज ०८ गतेदेखि २०७७ साल असोज २२ गतेका** दिन कार्यालय समय भित्र आइपुग्ने गरी दरखास्त आह्वान गरिएको छ । रित नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुनेछैन । उक्त कार्यको लागि आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

| | |
|---|---|
| १. पद | :- सवारी चालक |
| २. आवश्यक पद संख्या | :- १० (दश) |
| ३. करार सेवा अवधि | :- ६ महिना । |
| ४. आवश्यक न्यूनतम योग्यता | :- नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारका निकायमा कम्तीमा १० वर्ष सवारी चालक सम्बन्धी कार्य अनुभव प्राप्त गरेको र सोही बमोजिम सवारी चालक अनुमति पत्र नवीकरण गरेको तथा बैंकले तोकेका अन्य शर्तहरु पूरा गरेको हुनु पर्नेछ । |
| ५. उम्मेदवारको छनोट विधि | :- प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा मार्फत् । |
| ६. उम्मेदवारको उमेर | :- दरखास्त दिने अन्तिम मितिमा ४५ बर्ष ननाघेको । |
| ७. परीक्षा हुने स्थान र मिति | :- प्रयोगात्मक तथा अन्तर्वार्ता कार्यक्रम यस बैंकको केन्द्रीय कार्यालय, वालुवाटारमा हुनेछ । प्रयोगात्मक तथा अन्तर्वार्ता मिति सम्पर्क मितिका दिन प्रकाशन गरिनेछ । |
| ८. सम्पर्क मिति र स्थान | :- २०७७ साल असोज २५ गतेका दिन जनशक्ति व्यवस्थापन विभाग वालुवाटार । |
| ९. पारिश्रमिक तथा अन्य सुविधा | :- मासिक पारिश्रमिक रु.२८,०००।-, खाजा खर्च २,०००।- तथा अन्य सुविधा दुवै पक्षवीच हुने करारनामामा उल्लेख भए बमोजिम हुनेछ । |

१०. सेवा सम्बन्धी शर्त :- दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ ।

११. दरखास्त फाराम :- दरखास्त फाराम यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभाग तथा प्रदेशस्थित कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथै, यो सूचना तथा दरखास्त फाराम यस बैंकको website: www.nrb.org.np, Procurement & Career मा career notice मा राखिएको छ ।

१२. दरखास्त दस्तुर :- दरखास्त दस्तुर रु.३००।- यस बैंकको नाफा नोक्सान आम्दानी फुटकर हिसाब (११०००००/०३०/०१२/५२४) मा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनुपर्नेछ तर ईमेलमार्फत् पेश गर्नेले अनिवार्य रुपमा भौचर Scan गरी पेश गर्नुपर्नेछ । अन्तर्वार्ता कार्यक्रममा उपस्थित हुँदा सोको सक्कल प्रति पेश गर्नुपर्नेछ ।

(थप जानकारीको लागि यस बैंकको जनशक्ति व्यवस्थापन विभाग वालुवाटार, फोन नं. ०१-४४१९८०४-८०५ एक्स्टेनसन नं. १३८ वा १४६ मा सम्पर्क गर्नुहुन साथै ईमेलमार्फत् दरखास्त पेश गर्नेले उल्लिखित नम्बरमा सम्पर्क गरी दर्ता नम्बर लिनुहुन ।)

मिति: २०७७/०६/०८

(बुद्ध राज शर्मा)
निर्देशक एवं
सदस्य सचिव पदपूर्ति उपसमिति

श्रीमान् कार्यकारी निर्देशकज्यू
नेपाल राष्ट्र बैंक
जनशक्ति व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौं

पासपोर्ट
साइजको फोटो
(फोटो र फाराममा
पर्ने गरी उम्मेदवारले
दस्तखत गर्नु पर्नेछ)

महोदय,

त्यस विभागको मिति २०७७/०६/०८ को सूचना अनुसार देहायबमोजिमको कागजातहरु संलग्न गरी सवारी चालक (करार) पदको लागि दरखास्त पेश गरेको छु ।

**उम्मेदवारको नाम, थर :-**

**जन्म मिति :-**

**बावुको नाम, थर :-**

**बाजेको नाम, थर :-**

**स्थायी ठेगाना :-**

जिल्ला :- .............पालिका :- वडा नं. :-

मोबाइल नं. :- (१)............................ (२)............................

**संलग्न कागजातहरु :-**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक योग्यता/चालक अनुमतिको प्रमाणपत्र
३. दरखास्त दस्तुर बुझाएको भौचर
४. सवारी चालक सम्बन्धी......बर्षको कार्य अनुभव (अनुभव खुल्ने कागजातको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने) :

| सि.नं. | पद | कार्य गरेको संस्था | मिति | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

..........................
निवेदकको दस्तखत
मिति :

**नेपाल राष्ट्र बैंक**
**जनशक्ति व्यवस्थापन विभाग**
**सवारी चालक (करार) पदको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि**
**प्रवेश-पत्र**

प्रवेश-पत्र नं. :

नाम थर :

ठेगाना :

| फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ। |
|---|

उम्मेदवारको दस्तखत :

सम्बन्धित अधिकृतको दस्तखत

मिति : २०७७/ /

नोट :

१. यो प्रवेशपत्र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको दिन लिई आउनु पर्नेछ।
२. परीक्षार्थीहरु प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै उपस्थित हुनु पर्नेछ।

..............................................................

**नेपाल राष्ट्र बैंक**
**जनशक्ति व्यवस्थापन विभाग**
**सवारी चालक (करार) पदको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि**
**प्रवेश-पत्र**

प्रवेश-पत्र नं. :

नाम थर :

ठेगाना :

| फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ। |
|---|

उम्मेदवारको दस्तखत :

सम्बन्धित अधिकृतको दस्तखत

मिति : २०७७/ /

नोट :

१. यो प्रवेशपत्र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको दिन लिई आउनु पर्नेछ।
२. परीक्षार्थीहरु प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै उपस्थित हुनु पर्नेछ।